स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री नन्दिता केसी विवाह बन्धनमा बाँधिएकी छन् । शनिबार लाजिम्पाटस्थित शंकर होटलमा डा. अरविन्द्र कटवालसँग उनले लगनगाँठो कसेकी हुन् । उनीहरुको विवाह समारोहमा दुई पक्षका पारिवारिक सदस्यसँगै भुवन केसी, दीलिप रायमाझी दम्पती, श्वेता खड्का, रेनशा वान्तवा राई लगायतका सेलिब्रेटीहरु पनि सहभागी छन् । गत हप्ता नन्दिताले आफू विवाह बन्धनमा बाँधिन लागेको जानकारी गराएकी थिइन् । अरविन्द्र पेशाले भने कार्डियोलोजिस्ट (मुटुरोग विशिषज्ञ) हुन् ।

**आजको विचार...**



शम्भु कोइराला

भिड...
(दुई पेजमा)



महाशिवरात्रीको अवसर पारेर यही फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रँगोली'को रोमान्टिक गीत 'घामले तारा' सार्वजनिक गरिएको छ । गीतमा निशान भट्टराई र अन्नु चौधरीको स्वर, हर्क साउदको शब्द रचना तथा सुशान्त गौतमको संगीत छ । म्यूजिक प्रोड्युसर रिकेश गुरुङ किज हुन् । युरोपस्थित विश्व प्रतिष्ठित 'बुढापेस्ट अर्केस्ट्रा'मा गीतको संगीत रेकर्डिङ भएको हो । गीतमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर प्रस्तुत छन् । उनीहरुलाई फिल्मकै चरित्रमा देख्न सकिन्छ ।

❒ वर्ष २९ ❒ अंक २१५ ❒ २०८० फागुन २० गते आइतबार 3 March 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### हिमपातमा १५ को मृत्यु

**(रासस/एएनआई)**

**काबुल,** फागुन १९/ अफगानिस्तानका विभिन्न प्रान्तमा विगत तीन दिनयता परेको भारी हिमपातका कारण १५ जनाको मृत्यु हुनुका साथै करिब ३० जना घाइते भएका छन् । बाल्ख र फार्याब प्रान्तबाट प्राप्त तथ्याङ्कलाई उद्धृत गर्दै टोलोन्यूजले भारी हिम वर्षाका कारण पशुधनमा व्यापक प्रभाव परेको उल्लेख गरेको छ । हालैको हिमपातका कारण लगभग दस हजार जनावरहरू मरेका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । सर-ए-पुलका स्थानीय अब्दुल कादिरले भने,'व्यापक हिउँ परिरहेको छ । धेरै सडकहरू अवरुद्ध भएका छन् । कुनै पनि आवागमन छैन । आफ्ना पशुधनको क्षति भएकोले स्थानीयहरू निकै चिन्तित बनेका छन् ।' अर्का बासिन्दा अमानुल्लाहले विशेषगरी सडक अवरुद्ध भएका र भोकभोकै रहेका पशुचौपायाको दुर्दशाबाट प्रभावित भएकाहरूका लागि तत्काल सरकारी सहयोगका लागि याचना गरे । कृषि, सिँचाइ तथा पशुपन्छी मन्त्रालयका लागि तालिबान प्रशासनका प्रवक्ता मिसबाहुद्दीन मुस्तैनले सबै प्रान्तमा गठन भएका समितिहरूले उद्धारका धूत प्रतिक्रियाबारे छलफल गरिरहेको बताए । अफगान रेड क्रिसेन्ट सोसाइटीका प्रवक्ता एर्फानुल्लाह शराफजोईका अनुसार बडघिस, घोर, फराह, कान्दाहार, हेलमन्ड, जाज्जन र नुरिस्तानजस्ता प्रान्तहरूमा हालैको हिमपातबाट प्रभावित व्यक्तिहरूसम्म पुग्न विभिन्न समूह बनाई उद्धारकर्मी खटाइसकिएको बताए ।भारी हिमपातका कारण सलाङ पासलगायत प्रमुख यातायात मार्गहरू बन्द भएका छन् । सार्वजनिक निर्माण मन्त्रालयका प्रवक्ता मोहम्मद अशरफ हकशेनासले विगत दुई दिनदेखि परेको भारी हिमपातका कारण यी मार्गहरू अस्थायी रूपमा अवरुद्ध भएको पुष्टि गरे । फर्याब प्रान्तका गभर्नरका प्रवक्ता इस्मतुल्लाह मुरादीले प्रान्तमा भारी हिमपातका कारण अधिकांश जिल्लामा सडक बन्द भएको र दुर्गम क्षेत्रका बासिन्दा अलपत्र परेको जानकारी दिए ।

# भ्रष्टाचार अन्त्य गर्न वडाध्यक्षदेखि मन्त्रीसम्मको सम्पत्ति छानबिन गर्छौं : कानुनमन्त्री गुरुङ

**कृष्ण पोखरेल**

**तानसेन,** फागुन १९/कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले भ्रष्टाचार अन्तय गर्न वडाध्यक्षदेखि मन्त्रीसम्मको सम्पत्ति छानबिन गरेरै छाड्ने बताएका छन् । शनिबार पाल्पाको तानसेनमा प्रथम तानसेन महोत्सवको उद्घाटन गर्दै भ्रष्टचार अन्त्यका लागि वडाध्यक्षदेखि मन्त्रीसम्मको सम्पत्ति छानबिन गरेरै छाड्ने बताएका हुन् ।

मन्त्री गुरुङले भने,'वडादेखी माथिसम्मका जनप्रतिनिधी, कर्मचारीमा अधिकृतदेखी माथि सबैको सम्पत्ती छानविन गर्छौं, त्यसका लागि कानुन समेत ल्याउने तयारीमा छौं ।' अहिले भ्रष्टचारै भष्ट्रचारका फाईलहरु खोल्दा जतातत्तैबाट दवाब आएर काम गर्न कठिनाई भईरहेको समेत उनले बताए । हामी राजनीतिक दलका नेताहरु नेपालको विकास निर्माण, गरीवी न्युनिकरण, भ्रष्टचारको अन्त्यका लागि साँझा धारणा बनाएर काम गर्नुपर्नेमा एक अर्कालाई गाली गलौज गर्ने, सत्तोसराप गर्ने, एकले अर्कालाई खुल्याउने प्रवृत्ति हावी भएकोमा सबै नेताहरु सुध्रिनु पर्नेमा मन्त्री गुरुङले जोड दिए । पाल्पा, स्याङ्जा क्षेत्रमा पर्यटन विकासका लागि बुटवलदेखी पोखरासम्मको सिद्धार्थ राजमार्गलाई डवल डेडिकेटेड सडक निर्माणको लागि आफ्नो पहिलो प्राथमिकता रहेको उनले बताए । कार्यक्रममा प्रतिनिधिसभा सदस्य ठाकुर प्रसाद गैरेले तानसेन सरकारले आयोजना गरेको तानसेन व्यापार महोत्सव अन्य मेला महोत्सव भन्दा फरक प्रकृतिको हुनुपर्नेमा जोड दिए । नारामा स्थानीय, कृषि, पर्यटन भन्ने तर महोत्सवमा प्लाष्टिकका फूलहरुले मञ्च



सजाउने, माला लगाउने काम राम्रो नभएको संघीय सासद गैरेले बताए । महोत्सव उद्घाटन कार्यक्रममा राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरे, संविधानसभा सदस्य लिला सोमै, प्रदेश सांसद वीरबहादुर राना , जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, नेपाली काँग्रेसका पाल्पाका सभापती हिमालदत्त श्रेष्ठ, नेकपा माओवादी केन्द्रका संयोजक राजेन्द्र वि.क., राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष सुमन गैरे, राप्रपाका अध्यक्ष डुलबहादुर कुवँर, नेकपा एकिकृत समाजवादीका कार्यवाहक अध्यक्ष मोहन गैरे, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, नेकपा मालेका जिल्ला अध्यक्ष धनराज पौडेल र नेपाल पत्रकार महासंघका उपाध्यक्ष भरत शर्मा लगायतले तानसेन नगरपालिकाले नारामा लेखिए अनुसारको काम महोत्सवमा गर्नुपर्नेमा जोड दिएका थिए । तानसेन नगरपालिका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले महोत्सवको बारेमा जानकारी दिदै तानसेनको विकास निर्माणको लागि महोत्सव प्रभावकारी हुने विश्वास व्यक्त गरे । उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीको धन्यवाद ज्ञापन र नगरपालिका प्रवक्ता यादव सिंह कार्कीको सञ्चालनमा उद्घाटन कार्यक्रम भएको थियो । महोत्सवमा करीव ७० वटा झाकी ज्याली निकालिएको थियो । जसमा भुसालडाँडा माध्यमिक विधालयल प्रथम, सेन्ट कपितानियो स्कुल द्धितिय र पाल्पा आवासीय माध्यमिक विधद्यालय तृतिय भए । ४ नं टोल विकास संस्था, धर्मोदय दशौंअवसार, साहारा कला केन्द्र, बर्तुङ्ग मगर भेजा, र जनता माविले सान्तवना पुरस्कार पाए । प्रथम, द्धितिय, तृतिय र सान्तवना हुनेहरुलाई क्रमस नगद ५०हजार, ३० हजार, २० हजार र पाँच पाँच हजार पुरस्कार प्रदान गरिएको थियो ।

# 'गठबन्धन गर्ने, नगर्ने भन्ने नै दस्तावेजमा छैन'

## गठबन्धन रणनीतिक कुरा हो नीतिगत होइन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १९/नेपाली काँग्रेसका उपसभापति एवं कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले गठबन्धन गर्ने वा नगर्ने विषय साइलेन्ट रहेको बताएका छन् । शनिबार नेपाली काँग्रेस पाल्पाले तानसेनमा आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले महासमिति बैंठकको दस्ताबेजमा गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय साइलेन्ट रहेको बताएका हुन् ।

उपसभापति गुरुङले भने,' महासमिति बैंठकमा गठबन्धनका बारेमा चर्चापरिचर्चा भयो, वास्तवमा गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय त्यहाँ साइलेन्ट छ, एकदम स्पष्ट भाषामा भन्नुपर्छ, हाम्रो दस्ताबेजमा गठबन्धन गर्ने पनि भन्या छैन, नगर्ने पनि भन्या छैन् । तर कागले कान लग्यो भनेपछि कान नछामिकन दौडिने भन्ने हाम्रो कथन छनि हो, महासमिति बैंठक पनि त्यस्तै त्यस्तै भो कि जस्तो लाग्यो ।' कान छाम्नु छैन, दस्ताबेज पनि ठूलो - ठूलो भयो, त्यो दस्ताबेज पढ्नु भन्दा क-कसले के - के भनेका छन् , त्यसैको पछि लागेर साथीहरुले भाषण गर्ने गरेको उनले उल्लेख गरे । 'महासमिति साथीहरुले कसैले गठबन्धन गर्न हुँदैन, यो रणनीतिक विषय हो अहिले नै किन चर्चा गर्ने भनेका छन्, कसैले हैन गठबन्धन गर्नु हुन्न एक्लै चुनाव लड्नुपर्छ भनेका छन् । वास्तवमा केन्द्रीय पदाधिकारीहरु बसी छलफल गरेर अहिले नै गठबन्धन गरेर जाने, नजाने भन्ने विषय दस्ताबेजमा उल्लेख गरिएको छैन, चर्चा मात्र भएको हो' उपसभापति गुरुङले भने । उनले गठबन्धन रणनीतिक कुरा मात्र भएको तर नीतिगत नभएको स्पष्ट पारे । गुरुङले गठबन्धन पुरै अवधि रहेर जाने समेत बताए । उनले सरकार परिवर्तन हुन्छ भन्ने हल्ला मात्रै भएको बताउदै गठबन्धन अझै बलियो भएर जाने धारणा व्यक्त गरे । मन्त्री गुरुङले भने "एउटा सुशासन स्थापना गर्न लागिपरेको सरकारविरुद्धमा फेरि अर्को गठबन्धन बन्छ भन्ने मलाई लाग्दैन । केही आशङ्काहरू होलान् तथापि त्यस्तो हुन सक्दैन ।" उनले मन्त्रीहरु भने फेरिन सक्ने बताए । मन्त्री पद स्थायीत्व नभएकाले जुनसुकै बेला फेरिन सक्ने गुरुङको भनाई छ । कानुन न्याय तथा संसदीय मामिलामन्त्री समेत रहेका गुरुङले आफु जिम्मेवारीमा रहुन्जेल बढी भन्दा बढी आवश्यक कानुन कसरी बनाउने भन्ने विषयमा केन्द्रीत रहेको बताए । उनले स्थानीय घरेलु मदिरालाई ब्राण्डिङ् गरी करको दायरामा ल्याई विदेशी रक्सी बन्द गर्ने गरी उद्योग मन्त्रालयलाई मस्यौदा बनाएर पठाए पनि त्यो अगाडि नबढेको बताए ।



मन्त्री गुरुङले स्थानीय मदिराको प्रवर्द्धन गरी विदेशी मदिरा बन्द गर्ने गरी कानुन ल्याउन प्रयास गरेको धारण व्यक्त गरे । उनले संक्रमणकालीन न्याय सम्बन्धी विधेयक सहमतिमा टुंगो लाग्ने समेत बताए । मन्त्री गुरुङले संक्रमकालीन न्यायको विषयलाई राजनीतिबाट अलग गरेर हेर्न नसकिने भन्दै सहमतिमै टुंगोमा पुग्ने धारणा व्यक्त गरे । कार्यक्रममा पार्टीका विभिन्न भातृ तथा शुभेच्छुक संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुले आ-आफ्ना संस्था र संगठनका बारेमा समस्या, जिज्ञासा र सुझाव राखेका थिए ।

नेपाल प्रेस युनियनका जिल्ला अध्यक्ष मन गहिरे, नेपाल ट्रेड युनियन काँग्रेसका कार्यवाहक जिल्ला सभापति सुनिल बूढाथोकी, भूपू सैनिक संघका जिल्ला अध्यक्ष विष्णु गाहा, पाल्पा उद्योग वाणिज्य संघका उपाध्यक्ष उत्तम कुमार बज्राचार्य, निजामती कर्मचारी युनियनका जिल्ला उपाध्यक्ष विनोद घिमिरे, प्रजातान्त्रिक प्राध्यापक संघ त्रिभुवन बहुमुखी क्याम्पसका अध्यक्ष जीवन थापा, नेपाल तरुण दलका जिल्ला सभापति मेजर सिं केसी, नागरिक समाजका अगुवा सूर्यबहादुर बोहोरा, अमर नारायण गुठीका दया पाण्डे लगायतले मन्त्री गुरुङ समक्ष आ-आफ्ना संस्थाका समस्या, सुझाव र जिज्ञासा राखेका थिए । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सुनिता अधिकारीको स्वागत, अर्का सचिव सन्तोष थापा मागरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज विश्व वन्यजन्तु दिवस मनाइदैं

**सीमा भट्टराई**

**पाल्पा,** फागुन १९/आज विश्व वन्यजन्तु दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइदैं छ । प्रत्येक वर्षको मार्च ३ तारिखका दिनमा यो दिवस मनाइने गरिन्छ ।

झन्डै एक दशकअघि राष्ट्रसंघले आजैका दिनमा यो दिवस मनाउने घोषणा गरेपछि विश्वभर नै वन्यजन्तुहरुको सुरक्षा र संवर्द्धनका लागि यस दिवसलाई विशेष उद्देश्यमूलक तरिकाले मनाइँदै आइएको हो । विश्वमा भएका हरेक प्राणी अनि बिरुवाको लागि यस पृथ्वी साझा थलो हो, सबै प्राणी र विरुवाहरुको सुरक्षा, सम्वर्द्धन अनि उपस्थिति मानवको दायित्व हो । यो दिवस सन् १९७३ देखि मनाउन थालिएको पाइन्छ । नेपालमा अरू देशमा नपाइने कतिपय दुर्लभ वन्यजन्तु पाइन्छन् । त्यस्ता प्रजातिको संरक्षण गर्न जनचेतना आवश्यक रहेको विज्ञहरु बताउँछन् । चोरी शिकारी, पैठारी अनि तस्करहरुको सक्रियताले नेपालमा धेरै जनावरहरु र विरुवाहरुको विनाश हुँदै गएको छ । विश्व पर्यावरणको ईकोसिस्टममा हरेक प्राणीहरुको आ-आफ्नै महत्व र योगदान छ तसर्थ सबै प्राणिहरुको सुरक्षा आजको आवश्यता हो । मानव जीवनको दीर्घकालिन उपस्थितीका लागि पनि वन्यजन्तु र बिरुवाहरु सबैको रक्षा गर्न जरुरी छ ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## वन्यजन्तु संरक्षणमा सबै जुटौँ

पछिल्लो केही समय यता वन्यजन्तु लोप हुँदै गएका छन् । तिव्र मानव विकाससँगै तिनीहरु लोपउन्मुख अवस्थामा पुगेका छन् । मानिस जंगलको आडमा र त्यसमा आश्रित हुँदै जीवन चलाइरहेका हुन्छन् । उनीहरु आफ्नो जीविकोपार्जन, ओखती र इन्धनका निम्ति जंगलसँग आश्रित हुनुपर्दछ । जसले गर्दा वन्यजन्तुलाई ठूलो हानी हुने गरेको छ । त्यत्ति मात्र होइन मानिसले वन्यजन्तुको सिकार गरेका कारण पनि अहिले वन्यजन्तु लोप हुँदै गएका छन् । वास्तवमा वन्यजन्तु नेपाल र नेपालीका गहना हुन, यिनीहरुको संरक्षण गर्नु आवश्यक छ ।

वन्यजन्तुका बासस्थान मासेर नागरिकले घर बनाउनेदेखि अन्य काम गर्न थालेका कारण पनि अहिले जंगली जनावरसमेत गाउँ घर पसेर नोक्सान गर्न थालेका छन् । मानिसले जनावारका बासस्थानको हानिनोक्सानी नगरी उनीहरुलाई सुरक्षित तरिकाले बाच्न पाउने अधिकारको सुनिश्चत गर्न आवश्यक छ । संरक्षित वन्यजन्तुको लागि नागरिकस्तरबाटै ध्यान दिनुपर्छ । वन्यजन्तु संरक्षण अहिले निकै जटिल विषय बन्दै गएको छ । वन्यजन्तुहरुको संरक्षणलाई लिएर हुनुपर्ने सहकार्य, समन्वय र सहअस्तित्वको अभावले जीवजन्तुहरुको अस्तित्वमा ठूलो चुनौतीसमेत थपिरहेको छ । नेपालमा निरन्तर जीवजनावरहरुको चोरीसिकारी, पैठारीजस्ता कार्यहरुमा सोचेको अनुपातमा नियन्त्रण हुन सकिएको छैन । त्यस्ता कार्यहरुमा तस्करहरुको संलग्नताले कयौँ दुर्लभ जनावरहरु समेत लोप हुने अवस्थामा पुगेका छन् । जीवजन्तुहरु पर्यटकीय आकर्षणका केन्द्रविन्दु समेत हुन्, जसको उचित संरक्षणले पर्याप्त मात्रामा विदेशी मुद्राको सञ्चितिलाई बढाउन सकिन्छ । विश्वमा पाइने सम्पूर्ण जंगली जनावर र रुख–बिरुवाहरुबारे सचेतना जगाउन र तिनको संरक्षण सम्वर्द्धन गर्न हरेक वर्ष विश्व समुदायले मार्च–३ तारिखका दिनलाई विश्व वन्यजन्तु दिवस मनाउँछ । आज विविध कार्यक्रमहरु गरी यो दिवस मनाइँदै छ । तर दिवसले सार्थकता पाउन भने सकेको छैन् । दिवसका दिन वन्यजन्तुहरुको अवस्था के कस्तो छ, वन्यजन्तु ऐन तथा तिनीहरुको कार्यान्वयनको स्थिति कत्तिको भरपर्दो र विश्वसनीय छ भन्ने बारेमा व्यापक बहस हुन नसक्नु विडम्वनाको कुरा हो । वन्यजन्तु संरक्षणले पर्या–पर्यटनको विकासमा समेत ठोस योगदान पुऱ्याउने कुरालाई कसैले पनि भुल्न हुँदैन । विश्वमै सबैभन्दा बढी सिकारको पीडा भोगिरहेका वन्यजन्तु प्रकृतिका लागि मात्रै नभएर मानवका निम्ति समेत हितकर छन् । यसर्थ प्राणी र रुखबिरूवाहरुको अवस्थितिले मात्र पनि इकोसिस्टम गतिशील हुने हुनाले तिनीहरुको संरक्षण र संवर्द्धनमा सबै जुट्न जरुरी छ ।

## Opinion @ Social Network

कसैलाई जित्ने रहर छैन र, कसैसंग हार्ने मन पनि छैन...
बस आफ्नो बाटोमा हिड्नुछ , आफ्नै पहिचान बनाउनु छ ।
*(कृष्ण अर्यालको फेसबुकबाट https://www.facebook.com.Krishna Aryal )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भिड नियन्त्रणमा बल प्रयोगका सन्दर्भमा हुने विवाद



शम्भु कोइराला

**नमागिएको सल्लाह :**
सुरक्षा अधिकारीले काबुबाहिरको परिस्थिति नियन्त्रणमा लिन स्थानीय प्रशासनलाई कानुनबमोजिम प्राप्त अधिकारबमोजिम बल प्रयोग गर्दा सधैँजसो विवादास्पद हुने गरेको छ । शक्ति प्रयोग गऱ्यो भने किन शक्ति प्रयोग गरेको भन्ने, गरेन भने कानुनबमोजिमको अधिकार प्रयोग नगरी परिस्थिति काबुबाहिर जाने अवस्था किन बन्यो भनेर आलोचित बन्नुपर्ने परिस्थिति रहेको छ ।

**विगत केही महिना र केही दिनभित्र भएका घटनाको चर्चा गरौं :**
ललितपुर जिल्लाको बालकुमारी क्षेत्रमा वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने परीक्षामा सामेल हुन पाउनुपर्ने माग राखेर भएको प्रदर्शनले हिंसात्मक रूप लिँदा सुरक्षा निकायले गरेको बलप्रयोगबाट दुईजना युवाको देहावसान भयो । यस घटनामा किन मृत्यु हुनेगरी बल प्रयोग भयो भन्ने सवालमा सर्वत्र आलोचना भयो । तत्पश्चात् सरकारले मृतकका परिवारलाई आर्थिक क्षतिपूर्ति दिने, मृतकको शव अन्तिम संस्कार गर्ने स्थानसम्म पुऱ्याइदिने र पूर्वन्यायाधीशको संयोजकत्वमा छानबिन समिति बनाउने निर्णय गऱ्यो । छानविन समितिको प्रतिवेदन पनि आइसकेको छ, जुन सार्वजनिक भइसकेको छैन । सञ्चारमाध्यमले प्रवाह गरेको सूचनालाई आधार मान्दा यसको मुख्य कमजोरी मन्त्री प्रकाश ज्वाला, त्यो बाटो नगएको भए घटना हुने अवस्था बन्ने थिएन भन्ने रहेको छ । अर्को लघुवित्तको बढी ब्याजको पीडाले विरोधमा उत्रेको समूहको ठूलो संख्या संघीय संसद् भवनभित्र छिरेको घटनाको चर्चा भएको छ । त्यत्रो मजबुत सुरक्षा बन्दोबस्त भएको ठाउँमा ठूलै समूह संसद् भवनभित्र छिरेर नाराबाजी गर्ने परिस्थिति कसरी बन्यो भन्ने प्रश्न उठेको छ । सुरक्षा बन्दोबस्त गर्न नसकेका कारण त्यहाँ तैनाथ सुरक्षाटोलीको बदली भइसकेको छ । नयाँ सुरक्षादस्ता आएको छ । त्यहाँ सुरक्षा निकायले बल प्रयोग गरेको भए, त्यसको पनि आलोचना हुने थियो, राम्रै समाचार पनि बन्ने थियो । यस्ता धेरै घटना छन्, आजको विमर्श चाहिँ यी दुई घटनामा आधारित भएर गरिनेछ । यस्ता घटनामा के गर्ने भन्ने प्रश्न सुरक्षा अधिकारी र सुरक्षा निकायको टाउको दुखाइको विषय बनेको हुन सक्दछ । असल मनशायले बल प्रयोग गर्दा कतिपय सुरक्षा अधिकारी र सुरक्षा निकायमा कार्यरत अधिकृत तथा जवानहरू करबाहीमा परेका घटना धेरैछन् । सुरक्षा कारबाही गरेपछि विवादित नबनेका घटना चाहिँ बिरलै होलान् भन्न सकिन्छ । बल प्रयोगमा दोषी देखाइएकै कारण कतिपय होनहार अधिकारी, अधिकृत र जवानहरूको वृत्ति विकासमा नै बाधा परेको छ । समाजमा शान्ति सुरक्षा र अमनचैन कायम गर्ने मनशायले गरिएका सुरक्षा कारबाहीहरू किन सधैंजसो विवादास्पद बन्दछन्, यसले समाजमा र सुरक्षा निकायमा के कस्तो प्रभाव पर्ला, यसलाई कम विवादास्पद बनाउन के गर्नु पर्लाजस्ता विषयमा चर्चा गरिनेछ ।

**बल प्रयोगमा विवाद किन हुन्छ ?**
नेपालमा, देशको आर्थिक सामाजिक अवस्थाको स्तरभन्दा उपल्लो स्तरको खुलापन र राजनीतिक स्वतन्त्रताको अवस्था रहेको छ । समाजले अधिकारका कुरा ठूलो स्वरले गर्न जानेको छ, कर्तव्य पक्ष ओझेलमा परेको छ । यसको पछिल्लो उदाहरण हो-काठमाडौं शहरको सरसफाइको अवस्था । काठमाडौं महानगरपालिकाले मिहिनेत गरेर नगरको सरसफाइको अवस्था सुधार गरेको छ । तर, नागरिकहरू विनालज्जा आफूले उत्पादन गरेको फोहोर चिटिक्क परेको सडकमा फालिदिन्छन् ।

नबुझेका नागरिकको कुरा गरिएको होइन सुटटाई लगाएर विवाहभोजका लागि ठाटिएको, अमेरिका अष्ट्रेलियामा पटक-पटक तेल भिसामा गएर नेपाल फर्केर गफ लगाउने भलादमी पनि कारमा शयर गर्दै उसले खाने गरेको अम्बल, गुट्का आदिको प्लास्टिक, सफा गरिएको सडकमा फाल्नुमा आफू ठालू भएको ठान्दछ । सुरक्षा निकायको बल प्रयोगको घटनामा समाजको चेत बढी आलोचनात्मक रहेको छ । परिस्थितिको गम्भीरतालाई आँकलन नगरी गरिने आलोचनाले समाजको अनुशासन खल्बलिन्छ । सुरक्षा निकायको मनोबल कमजोर बन्दछ । परेको समयमा न्यूनतम बल प्रयोग नहुँदा ठूला घटना हुन सक्दछन् । यस्तो भएको पनि छ । यस्तो घटनाको विरोध गरेका कारण सस्तो लोकप्रियता आर्जन गर्न सजिलो हुन्छ जबकि विरोध ठूलो आलोचनाको विषय बन्न पुग्दछ ।

सञ्चारमाध्यम, नागरिक समाज, सामाजिक सञ्जालमा धेरै लाइक र कमेन्ट चाहनेहरूका लागि विरोध लोकप्रिय बाटो हो । सुरक्षा कारबाही गर्दा गरिने बल प्रयोगमा सुरक्षा अधिकारी र सुरक्षा निकायको कमजोरीका घटना धेरै छन् । बन्दुकलगायतका उपकरणसहित सुसज्जित सुरक्षा अधिकारी र अन्य निकायका सदस्यमा शक्तिको अहंकार भइहाल्छ । कसै कसैले त्यो अहंकारलाई बसमा राखेर कर्तव्य निर्वाह गरेका हुन्छन् भने कतिपय आफूमा निहित अल्पज्ञान र स्वभावगत कारण आफूलाई नियन्त्रणमा राख्न सक्दैनन् । बलको बढी प्रयोग भइदिन्छ र कारबाहीको भागिदार बन्नुपर्दछ । तालिम प्रशिक्षण, आवश्यक सामग्रीको अभाव र अपर्याप्तताका कारण पनि बढी बल प्रयोग गर्ने अवस्था आइपर्दछ । भिड नियन्त्रण गर्ने अश्रुग्यास, रबर बुलेटलगायतका सामानको अभाव र अपर्याप्तताको कारण असामान्य अवस्थामा गोली चलाउँनुपर्ने परिस्थितिको विकास हुन्छ । तालिमको कमजोरी र तनावको कारण हवाई फायर गरेको अवस्थामा झ्यालमा वा कौसीमा बसिरहेका नागरिकलाई गोली लागेका घटना छन् । केही साताअगाडि भएको बालकुमारी घटनामा अश्रुग्यास, रबर बुलेटलगायत सामग्रीको अपर्याप्तताका कारण गोली चलाउनुपर्ने अवस्था आएको भन्ने विषय सार्वजनिक भएको छ । सार्वजनिक भएको विषयमा सत्यता किन स्थापित हुनसक्दछ भने आन्तरिक सुरक्षाका लागि भिड नियन्त्रण गर्ने सामग्री खरिद राज्यको प्राथमिकतामा पर्दैन । यसले गर्दा परेको ठाउँमा न्यूनतम बलको प्रयोग गर्न सकिँदैन, फलस्वरूप ठूला घटना हुने परिस्थिति बन्दछ । जहाँसम्म संघीय संसदभित्र ब्याज पीडितहरू पसेको प्रसंग छ, त्यस घटनामा सुरक्षा कमजोरी त भएकै हो तर किन न्यूनतम बल पनि प्रयोग गरिएन ? सामान्य निगरानी र चनाखोपनसम्म पनि नहुनु ठूलै लापरबाही हो । सम्भावना छ- बालकुमारीमा भएको घटना आलोचित भएको र सुरक्षा बलका मानिसलाई कारबाही भएको, सुरक्षा अधिकारीलाई जिम्मेवारीविहीन बनाइएको घटनाबाट मनोवैज्ञानिक रूपमा त्रसित भएर यो घटना भएको होस् ।

**विवादले समाजमा पार्ने प्रभाव :**
सुरक्षा कायम गर्न गरिएका बल प्रयोग सबै उपयुक्त, सामयिक र अनिवार्य हुन्छन् भन्न सकिँदैन । धेरै कारणबाट सुरक्षा अधिकारीले आवश्यकताभन्दा बढी बल प्रयोग गरेको घटना धेरै छन् । यस्तै घटनाको कारण सुरक्षा कारबाहीका सदावहार आलोचकहरूलाई बल पुगेको छ । यस्ता घटनाबाट पाठ सिकेर सुरक्षा कारबाही गर्ने निकायहरूले सावधानी र सचेततापूर्वक कारबाही गर्न आवश्यक छ । अर्को पक्ष छ-सदावहार आलोचनाको । जे जस्तो औचित्यपूर्ण बल प्रयोग भएको भए तापनि आलोचना भइरहँदा सुरक्षा जिम्मा लिएका अधिकारीहरू र सुरक्षा निकायमा अन्यौल र निराशाको परिस्थिति निर्माण हुन सक्दछ । यस्तो अवस्थामा समाज र समाजका जिम्मेवार अवयवहरूले सन्तुलित अवधारणा बनाउन जरुरी हुन्छ । यस्तो सन्तुलन जसमा सुरक्षा अधिकारीहरूले मनमौजी र अनुचित काम पनि नगरून् । समाजका जिम्मेवार अवयवहरूले औचित्यपूर्ण कारबाहीको समर्थन र सहयोग गरून् । कमसेकम विरोध नगरून् । समाजका जिम्मेवार अवयवहरू, सुरक्षा अधिकारीहरूले न्यूनतम क्षति हुने कारबाही नगर्दा हुनसक्ने भयावह परिस्थितिको आँकलन गर्न चुकिरहेका हुन्छन् । किनकि, दृश्यमा वर्तमानको घटना आएको हुन्छ । कुनै घटनामा बल प्रयोग गर्दा दुई जनाको मृत्यु भयो तर त्यो बल प्रयोग नगरेको भए दशजनाको मृत्यु हुन सक्ने अवस्था बन्ने आँकलन थियो भने यस्तो अवस्थामा बल प्रयोग औचित्यपूर्ण हुन सक्दछ । भिड नियन्त्रणका लागि बल प्रयोग गर्दा लाखको भिडलाई जीवनको क्षति नहुने गरी तितरबितर गर्न सकिन्छ । उदाहरणको लागि पहिलो मधेस आन्दोलनको क्रममा यो पंक्तिकार कुनै संवेदनशील मधेस प्रदेशको जिल्लाको प्रमुख जिल्ला अधिकारी रहँदा कर्फ्यू उल्लंघन गरेर हिंसामा उत्रेको उत्तेजक करिब साठी हजारको भिडलाई जीवनको क्षतिविना नै तितरवितर पारिएको थियो । महिनौंदेखिको अशान्ति त्यस घटनापछि शान्त भएको थियो । त्यस घटनापछि मधेस प्रदेशका सबै जिल्लामा आन्दोलन मत्थर भएको थियो । त्यस घटनामा गोली नचलाई नहुने परिस्थिति थियो, गृहमन्त्रालय पनि बल प्रयोगको पक्षमा थिएन तर कार्यक्षेत्रमा खटिएका सुरक्षा अधिकारी, सुरक्षा निकायका अधिकृत जवान र सरकारी, निजी सम्पत्तिको सुरक्षाका लागि पनि बल प्रयोग गर्नुपर्ने अवस्था थियो । भिडको संख्या र उत्तेजनाको आँकलन गर्दा अश्रुग्यासलगायतका सामान्य बलबाट परिस्थिति नियन्त्रणमा आउने अवस्था थिएन । गोली चलाए तापनि संयमित भएर (सुतेर) लाइनिङ पोजिसन लिएर चलाएको कारण केही मानिस घाइते भए जीवनको क्षति भएन । घाइतेलाई हेलिकोप्टरमार्फत काठमाडौं लगेर उपचार गरियो । ठूलो क्षतिविना उत्तेजक परिस्थिति नियन्त्रणमा आयो ।

**कसरी कम विवादास्पद बनाउने ?**
बल प्रयोग सामान्यत: विवादरहित नहुने हुनाले कम विवादास्पद बनाउने भनिएको हो । यसका लागि आदेश दिने सुरक्षा अधिकारी, कार्यक्षेत्रमा खटिने सुरक्षाकर्मी, समाजका सबै अवयवहरूको पूर्वाग्रहरहित, समाजलाई अनुशासित र सभ्य बनाउने किसिमको साथ सहयोगको आवश्यकता पर्दछ । सुरक्षा निकायले विगतमा गरिएका बल प्रयोगका घटनामा भएको छानबिनको निष्कर्षका आधारमा आफूलाई सुधार गर्नुपर्दछ । घटना भएर नयाँ आयोग समिति बनाएर साधनस्रोतको अपव्यय गर्नुभन्दा पुराना अनुभवबाट पाठ सिकेर अघि बढ्नु श्रेयस्कर हुन्छ । बल प्रयोगका घटनामा उपल्लो निकायको आदेशभन्दा कार्यक्षेत्रमा खटिने कमाण्डर र स्थानीय सुरक्षा बलको प्रमुखको सल्लाह महत्वपूर्ण हुन्छ । टाढा रहेको नेतृत्वको आदेशमा चल्न थालियो भने समय बितिसकेको हुन्छ ।

स्थानीय सुरक्षा अधिकारीले घटनाको प्रकृतिलाई विश्लेषण गरेर गरेको बल प्रयोगलाई कम विवादास्पद बनाउन सकिन्छ । प्रदेश मातहतमा प्रहरी परिचालन हुने चर्चा चलिरहेको सन्दर्भमा दलगत आग्रहमा राज्यको बल प्रयोग होला कि भनेर चनाखो रहनुपर्ने अवस्था छ । घटना हुने सम्भावना भएको दिन जिल्ला सुरक्षा समितिका पदाधिकारी कमाण्ड सेन्टर खडा गरेर बसेको अवस्थामा सूचना संकलन, विश्लेषण र कार्यान्वयनमा प्रभावकारिता देखिन सक्छ । एकले अर्कालाई दोषारोपण गर्ने परिस्थिति पनि बन्दैन । सारांशमा, राज्यका निकायबाट भिड नियन्त्रणका लागि गरिने बल प्रयोग जनतासामु औचित्यपुष्टि गर्ने किसिमको हुनुपर्दछ । त्यति बल प्रयोग नभएको भए ठूलो धनजनको क्षति हुने परिस्थिति रहेको विषय स्थापित हुन सक्नुपर्दछ । सुरक्षा अधिकारीले आफूले विवेकको प्रयोग गरेर गरेको बल प्रयोगको विषयमा कतैबाट आलोचना भए पनि कमजोर बन्नु हुँदैन । किनकि, ठूलो क्षति रोक्नका लागि कम बलको प्रयोग गर्नुभन्ने आफ्नो अन्तरात्माको निर्णय थियो । संकटको समयमा विवेक नगुमाई गरेको आफ्नो अन्तरात्माको आवाज र निर्णयभन्दा ठूलो हाकिम अरू कोही पनि हुन सक्दैन । त्यस्तो निर्णय आग्रह पूर्वाग्रह प्रेरित नहोस् भन्नका लागि चनाखो भने रहनुपर्दछ ।

**-इहिमालयटाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक, सामाजिक क्रियाकलापमा मन जाला । नोकरीमा उन्नति होला । | **तुला** :कामको बोझ र जिम्मेवारी थपिएलान् । केही समस्या आउलान् । |
| **बृष** : विशिष्ट व्यक्तित्वसँग भेटघाट गर्ने अवसर जुट्ला । मन प्रसन्न हुनेछ । | **बृश्चिक** :सामाजिक र सेवामूलक काम गरिनेछ । आम्दानी प्रशस्तै बढ्नेछ । |
| **मिथुन** :सहयोगीबाट साथ पाइनेछ । प्रेम र मित्रताको गाँठो कसिने बेला छ । | **धनु** : चोटपटक लाग्ने वा अस्वस्थताको योग छ । मानसिक पिडाले सताउला । |
| **कर्कट** :विभिन्न उपहार समेत पाइएला। आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ । | **मकर** : नयाँ काम गर्ने मौका छ । विद्यामा प्रगतीको साथमा नयाँ साथि भेटिएला । |
| **सिंह** : रोकिएका काम बन्नेछन् । व्यवसायबाट फाइदा उठाउन सकिनेछ। | **कुम्भ** : चोटपटक लाग्ने वा अस्वस्थताको योग छ । प्रेममा फाटो आउने छ। |
| **कन्या** : रमाइलो भ्रमण सम्भावना छ। नयाँ काम गर्ने मौका छ । | **मिन** : समय राम्रो छ । आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला । |

# कृषि


## अर्गानिक कृषि उत्पादनमा जुट्दै भोजपुरका किसान

भोजपुरका किसान अर्गानिक कृषि उत्पादनमा जुटेका छन् । यहाँ नेपाल जलवायु नमुना कार्यक्रम अन्तर्गत आवश्यक ज्ञान पाएसँगै किसान अर्गायानिक कृषि उत्पादनमा जुटेका हुन् । बाह्य बजारबाट आउने विषादीयुक्त तरकारी तथा कृषिउपजको आयातलाई निरुत्साहित गर्दै विषादीरहित स्थानीय उत्पादनमा जोड दिने लक्ष्यले कार्यक्रम सञ्चालन भएपछि किसान अर्गायानिक उत्पादनमा लागेका हुन् ।

मुख्य रुपमा मानव स्वास्थ्यलाई ध्यानमा राख्दै विषादीरहित कृषिबाली उत्पादनमा यो कार्यक्रमले सहयोग गर्दै आएको छ । वन तथा वातावरण मन्त्रालय, सिप्रेड, इसीमोड संस्था र रामप्रसादराई गाउँपालिकाको साझेदारीमा नेपाल जलवायु नमुना कार्यक्रमअन्तर्गत अर्गानिक खेतीलाई पहिलो प्राथमिकतामा राखेर यहाँ काम अघि बढाइएको हो । किसानलाई विषदीरहित अर्गानिक उत्पादनमा जोड्न रामप्रसादराई गाउँपालिकाको वडा नं १, ३, ४ र वडा नं ६ मा अर्गानिक खेती विस्तार थालिएको छ । अर्गानिक खेती विस्तारको लागि पाँच वटा नमुना कृषि सिकाइ केन्द्र निर्माण गरिएको छ ।

सिकाइ केन्द्रमा वडा नं. १ मा ४० रोपनीमा र वडा नं ६ मा १५ रोपनी गरी ५५ रोपनी क्षेत्रमा विभिन्न बाली लगाएर किसानलाई अर्गानिक उत्पादनको लागि आवश्यक ज्ञान दिँदै आएको सिप्रेड, इसीमोडका प्राविधिक मोतीमान लिम्बूले जानकारी दिए । सिकाइ केन्द्रमा नमुना तरकारी खेती भइरहेको उनको भनाइ छ । ‘किसानलाई अर्गानिक उत्पादनमा जोड्न विभिन्न स्थानमा सिकाई केन्द्र स्थापना गरेर आवश्यक प्राविधिक सहयोग गर्दै आएका छौँ’, उनले भने,‘हाम्रो लक्ष्य किसानलाई अर्गानिक उत्पादनमा जोडेर आत्मनिर्भर बनाउनु हो । यो कार्यक्रम सञ्चालनमा आएपछि यहाँका धेरै किसान अर्ग्यानिक खेती प्रणालीमा जोडिएको अवस्था छ ।’ जलवायु अनुकूलनका प्रविधि सिकाएर अर्ग्यानिक र स्वास्थ्यकर कृषि उत्पादनमा प्रोत्साहन गरिएको उनको भनाइ छ । कृषि कार्यक्रमअन्तर्गत हरित गृह (ग्रिनहाउस) निर्माण, झोल मल उत्पादनको विषयमा किसानलाई अभ्यासमूलक सिकाइमा आबद्ध गराइएको उनको भनाइ छ । विगतका वर्षबाट वडा नं २ खेनामा नेपाल जलवायु नमुना गाउँ घोषणा गरेर आवश्यक काम भइरहेको छ । यो गाउँमा भइरहेको कामलाई निरन्तरता दिँदै अन्य वडामा पनि विस्तार थालिएको हो । यो कार्यक्रम कोशी प्रदेशमा भोजपुरको रामप्रसादराई गाउँपालिकामा मात्र सञ्चालन भइरहेको जनाइएको छ । जलवायु अनुकूलन कार्यक्रमअन्तर्गत कृषिलगायत अन्य वातावरण संरक्षण सम्बन्धी कार्य गर्नको लागि यो वर्ष रु एक करोड ५० लाख बजेट रहेको गाउँपालिकाले जनाएको छ ।

यो बजेटबाट जलवायु परिवर्तनलाई ध्यानमा राख्दै कृषिसँगै, मुहान संरक्षण, पैदलमार्ग निर्माण, हरित गृह (ग्रिन हाउस) निर्माण, पर्यटकीय क्षेत्रको विकासमासमेत काम भइरहेको छ । बर्सेनि खतीयोग्य जमिन बाँझिँदै गइरहेकाले बाँझो जमिनको सदुपयोग गर्दै किसानलाई अर्गानिक र व्यावसायिक खेती प्रविधिमा जोड्ने योजनाका साथ काम भइरहेको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए । यो कार्यक्रम लागू भएपछि धेरै किसान व्यावसायिक अर्गानिक कृषि उत्पादनमा जुटेको अध्यक्ष राईको भनाइ छ । उत्पादित वस्तुको बजारीकरणमा किसानलाई आवश्यक सहयोग गर्दै उत्पादनको आधारमा प्रोत्साहन गर्ने उनको भनाइ छ । ‘बर्सेनि खेतीयोग्य जमिन बाँझिँदै भएको अवस्था छ’, अध्यक्ष राईले भने,‘हामी आयातित विषदीयुक्त खानेकुरामा रमाएका छौँ ।



**गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य छ ।’ किसानलाई विषादीरहित कृषि उत्पादनमा जोड्दै स्थानीयस्तरका सहकारीसँग सहकार्य गरेर व्यावसायिक खेतीमा जोड दिएको वडा नं ६ का वडाध्यक्ष एकराज आचार्यले बताए । वडामा नमुना सिकाइ कार्यक्रम सञ्चालन भइरहेकाले किसानलाई थप सहजता भएको उनको भनाइ छ । कृषकलाई लक्षित गरेर वडाले आवश्यकताको आधारमा तालिमसँगै प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्दै प्रविधियुक्त अर्ग्यानिक उत्पादनमा ध्यान दिएको उनले बताए ।**

अहिले हामी अर्गानिक कृषि उत्पादनमा जुटेका छौँ । धेरै किसानले अर्गानिक उत्पादन गरिरहेको अवस्था छ । हामीले बाँझो जमिनको उपयोग गर्दै अर्गानिक उत्पादनमा जोड दिएका छौँ । गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य छ ।’ किसानलाई विषादीरहित कृषि उत्पादनमा जोड्दै स्थानीयस्तरका सहकारीसँग सहकार्य गरेर व्यावसायिक खेतीमा जोड दिएको वडा नं ६ का वडाध्यक्ष एकराज आचार्यले बताए । वडामा नमुना सिकाइ कार्यक्रम सञ्चालन भइरहेकाले किसानलाई थप सहजता भएको उनको भनाइ छ । कृषकलाई लक्षित गरेर वडाले आवश्यकताको आधारमा तालिमसँगै प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्दै प्रविधियुक्त अर्गानिक उत्पादनमा ध्यान दिएको उनले बताए । ‘किसानलाई व्यावसायिक र अर्ग्यानिक खेती प्रणालीमा लाग्न आवश्यक सहयोग गर्दै आएका छौँ’, उनले भने, ‘मुख्य रुपमा यहाँका बाँझो जमिनलाई प्रयोगमा ल्याउने लक्ष्यका साथ काम गरिरहेका छौँ । अहिले धेरै किसान व्यावसायिक कृषिमा जुटेको अवस्था छ ।’ नेपाल जलवायु नमुना कार्यक्रमको सहयोगमा १५ रोपनी क्षेत्रमा व्यावसायिक रूपमा अर्ग्यानिक तरकारी खेती गरिरहेको स्थानीयवासी गणेश श्रेष्ठले बताए । यो कार्यक्रम अन्तर्गत विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालनले थप हौसला मिलेको उनको भनाइ छ । विगतबाट गाउँपालिकामा चलिरहेको कृषि सिकाइ केन्द्र निर्माण, गोठ सुधार, माटो र सिमेन्टको पोखरी निर्माण लगायतका कामलाई निरन्तरता दिँदै कार्यक्रम आगामी दिनमा अन्य वडामा पनि विस्तार गर्ने योजना रहेको गाउँपालिकाका प्रशासन शाखा प्रमुख अनन्त राईले बताए । हाल रहेका पाँच वटा सिकाइ केन्द्रलाई आगामी वर्ष तीन वटा थप गरेर आठ वटा बनाउने, कम्पोस्ट मल उत्पादनको लागि १५ वटा गोठ सुधारका कार्यक्रम थप सञ्चालन गर्ने, किसानको खेर गइरहेको पानीलाई सञ्चित गर्दै तरकारी खेतीमा जोड्न १६ वटा माटो र सिमेन्टको पोखरी निर्माण गरिएको उनको भनाइ छ ।

आगामी वर्ष थप छ वटा पोखरी निर्माण गर्ने कार्यक्रम रहेको उनले बताए । स्याउला तथा गाई गोरुको मलमूत्र तथा गँड्यौलाबाट कम्पोस्ट मलको प्रयोग गरी मौसमी तथा बेमौसमी तरकारीसँगै अन्य अन्नबाली लगाउनको लागि गाउँपालिकाले योजनाबद्ध रूपमा कामको थालनी गरेको छ । यहाँ उत्पादन हुने विभिन्न खालका बालीको व्यवस्थापनको लागि मिश्रित बाली, घुम्ती बाली र प्लास्टिक टनेलमा तरकारी खेती, बालीको जातीय परीक्षण गर्ने, स्थानीय रैथाने बालीको संरक्षण गर्नेलगायत कामलाई प्राथमिकताका साथ अघि बढाएको गाउँपालिकाकाले जनाएको छ । रासायनिक मलको प्रयोगले माटोको उत्पादकत्व क्षमता घट्दै गइरहेको र विषादीको प्रयोगले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेकाले अर्ग्यानिक कृषि उत्पादनमा किसानलाई प्रोत्साहन गरिरहेको गाउँपालिकाको भनाइ छ ।**-रासस**

## श्रमको मूल्य नपाएपछि पलायन हुँदै उखु किसान

मधेस प्रदेशका उखु उत्पादक किसानले उखु खेतीबाट बढीभन्दा बढी लाभ लिने अवस्था निर्माण नगरे कृषकको पलायन रोक्न नसकिने बताएका छन् । त्यसलाई रोक्न सरकारले तत्काल योजनाबद्धरूपमा काम गर्नुपर्ने उनीहरूको सुझाव छ । कृषि विभाग हरिहर भवन, ललितपुरले जनकपुरधाममा आयोजना गरेको उखु उत्पादनका समस्या पहिचान तथा कार्यविधिसम्बन्धी अन्तर्क्रियामा किसानले हालकै अवस्था कायम रहे धेरैले सो खेती नै छोड्ने निष्कर्षमा पुगेको बताएका हुन् ।



कृषि उत्पादक किसान एवं उखु तथा चिनी विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र सिंह कुशवाहले उखु किसानले श्रमको मूल्य पाउन सधैँ आन्दोलन गर्नुपर्ने, मूल्य निर्धारण प्रणालीले उद्योगी मोटाउने तर किसान मारमा पर्ने अवस्था कायम रहेकाले त्यसलाई सच्याउनुपर्ने बताए । हाल चिनी बन्ने सम्भावित दरका आधारमा मात्रै मूल्य निर्धारण भइरहेकाले अन्य कच्चा पदार्थलाई समेत मध्यनजर गरी मूल्य निर्धारण प्रणाली विकास गर्नुपर्ने उनको भनाइ छ । ‘उखुबाट चिनी बन्ने सम्भावित दर करिब १० प्रतिशत मात्रै भए पनि ६० प्रतिशतभन्दा बढी पानी तथा अन्य कच्चा पदार्थ प्रयोग हुने अवस्था रहेको छ । किसानका लागि भने चिनी बन्ने दरका आधारमा मात्रै मूल्य निर्धारण गरिन्छ । त्यो परम्परागत मूल्य निर्धारण प्रणाली फेर्नुपर्छ’, कुशवाहले भने, ‘अन्यथा जनशक्तिको अभाव, मूल्यका लागि सधैँ द्वन्द्व गर्नुपर्ने अवस्था, कम उत्पादकत्वजस्ता कारणले किसान बाध्य भएर बाली परिवर्तन गर्न लागिरहेका छन् । त्यो क्रम थप बढ्न नदिन सरकारले सोहीअनुसार काम गर्नुपर्छ ।’ न्यून उत्पादकत्व, उच्च खेती लागत, उखुको न्यून गुणस्तर, सामाजिक-आर्थिक र नीतिगत बाधालाई समाधान गरेर जानसके मात्रै किसानको पलायनलाई रोक्न सकिने कुशवाहले बताए । त्यस्तै अर्का उखु किसान प्रमोदकुमार सिंहले ऋण काढेर उत्पादन गर्ने तर उधारोमा बेच्नुपर्ने झन्झटबाट सधैँका लागि मुक्ति पाउन आफूहरू बाली बदल्न बाध्य भइरहेको उनको भनाइ छ । उनी भन्छन्, ‘भुक्तानीका लागि आन्दोलन गर्नुपर्ने अवस्था कायमै छ । काम गर्ने जनशक्ति छैन । सरकारसँग लागत घटाउने दीर्घकालीन याजना छैन । अनि सधैँ समस्या भोगेर कति बस्नु ?’ । उखु उत्पादक किसान वीरेन्द्र कुशवाहले पनि उन्नत जातको बीउ, सिँचाइ, आधुनिक प्रविधि र उत्पादकत्व बढाउने गरी सहयोग गर्न आग्रह गरे । ‘लागतअनुसार उपलब्धि छैन । मल, बीउ, कृषि सडक, सिँचाइ र समयमा भुक्तानी नपाउनु हामी उखु किसानका स्थायी समस्या हुन् । पछिल्लो समय सरकारले प्रोत्साहनका लागि नगद अनुदान दिने र अन्य कार्यक्रम ल्याउने काम त गरेको छ तर त्यसले पनि लागत धान्न सकेन । जसले किसान बाली फेर्दैछन्’, कुशवाहले भने । कार्यक्रममा कृषि विभागका महानिर्देशक डा हरिबहादुर केसीले सरकारले उखु उत्पादन तथा प्रशोधनले तराई मधेस क्षेत्रका नागरिकको जीविकोपार्जन तथा आयस्तर वृद्धि र राष्ट्रिय अर्थतन्त्रमा बर्सेनि १७ अर्बभन्दा बढी प्रत्यक्ष योगदान गरिरहेकाले यसलाई थप प्रोत्साहन गर्ने नीतिअनुसार सरकारले काम गरिरहेको बताए । सोही नीतिअनुसार विगतमा औद्योगिक बाली विकास कार्यक्रमबाट उखु बीउ सेट, कृषि औजार उपकरण, विषादी अनुदानमा वितरण र हाल राष्ट्रिय उखु बाली अनुसन्धान कार्यक्रम जितपुर र कृषि विभागमार्फत कार्यक्रम सञ्चालन भइरहेका, अनुदान रकम कृषकको खातामा जम्मा गर्नका लागि उखु कृषकलाई अनुदान दिनेसम्बन्धी कार्यविधि कार्यान्वयन, कृषकको लगत सङ्कलनजस्ता काम सँगसँगै अगाडि बढिरहेका छन् । ‘कार्यविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुझाव सङ्कलनको काम पनि भइरहेको छ । उखु किसानको समस्यालाई मध्यनजर गरी थप प्रोत्साहन गर्न उन्नत जातको उखु विकास, सिँचाइ, मलखाद तथा यान्त्रीकरणमा सहयोग र उद्योगको स्तरवृद्धि गरी चिनीको उत्पादन पनि बढाउनुपर्ने आवश्यकता छ । त्यसमा पनि मन्त्रालय र विभागले काम गरिरहेको छ’, डा केसीले आश्वस्त पारे । नेपालमा व्यवसायीकरूपमा उखु खेती हुने १५ जिल्लामध्ये सात जिल्ला र देशभरि रहेका १६ वटा ठूला चिनी उद्योगमध्ये आठ वटा उद्योग मधेस प्रदेशमा मात्रै छन् ।

देशका सात प्रदेशमा जम्मा ६२ हजार पाँच सय ६७ हेक्टर क्षेत्रफलमा उखु खेती हुने गरेकामा मधेस प्रदेशले त्यसको ६८ प्रतिशत हिस्साअर्थात् ४२ हजार छ सय ९६ हेक्टर क्षेत्रफल योगदान गरिरहेको छ । त्यसैगरी देशभर उत्पादन हुने भनिएको उखुमध्ये ६६ प्रतिशतभन्दा बढी हिस्सा मधेसकै रहेको देखिन्छ । उत्पादकत्व भने यहाँ ४९ दशमलव ०४ प्रतिशत मात्रै छ । मलखाद, उन्नत जातको बीऊ, प्रविधि र दक्ष जनशक्तिको अभाव, उच्च लागत, न्यून मूल्य, उधारोमा कारोबार र उधारो उठाउन सधैँ द्वन्द्वको अवस्था सिर्जना हुने अवस्था नबदलिएपछि यहाँका किसान भने निराश छन् । एकपल्ट उखु लगाएपछि तीन वर्षसम्म त्यसैबाट आम्दानी गर्न सकिने र गोडमेल गर्नुपर्ने समस्या खासै नहुने हुँदा विगतमा यहाँका किसानको आकर्षण उल्लेख्य थियो । तर उद्योगीसँगको द्वन्द्व, भुक्तानी समयमा नपाउने, लागत धेरै तर न्यून उत्पादकत्व (नेपालमा प्रतिहेक्टर ५० मे.ट), उत्पादित उखुबाट चिनी बन्ने दर नौ प्रतिशतमात्रै, आयातित र नेपालमा उत्पादन भएको चिनीको मूल्यमा सामजस्यता नहुँदा बजार असन्तुलन, उन्नत प्रविधि ग्रहण गर्ने क्षमतामा कमी, प्राविधिक ज्ञानमा कमी, सञ्चालनमा रहेका मिल पूर्ण क्षमतामा सञ्चालन हुननसक्नु, पूर्ण क्रसिङ क्षमताअनुसारको परिमाणमा उखु उपलब्ध नहुनु र चिनी मिलबीच अस्वस्थ प्रतिस्पर्धा र राजनीतिजस्ता कारणले यस क्षेत्रले समस्याको सामना गरिरहनुपरेको छ ।**-रासस**

## डोटीमा उत्पादित उन्नत मकैको बीउ झापामा बिक्री

डोटीको जोरायल गाउँपालिका-४ स्थित लक्ष्मी सरस्वती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले ६९ टन उन्नत जातको मकैको बीउ बिक्री गर्ने भएको छ । सहकारीले किसानबाट सङ्कलन गरी ६९ हजार छ सय ८८ किलो मकैको बीउ बिक्री गर्ने भएको छ ।




सहकारीले मङ्सिरदेखि किसानबाट मकै सङ्कलन गर्न सुरु गरी चैतसम्म प्रमाणीकरणसहित ‘प्याकिङ’ गरेर पुनः बीउ किसानसम्म पुर्याउने गरेको छ । यस वर्षको अहिलेसम्म १४ हजार एक सय ७० किलो मकैको बीउ बिक्री भइसकेको सहकारीका व्यवस्थापक ठक्करबहादुर कठायतले बताए । पचपन्न हजार पाँच सय १८ किलो मकैबीउ बिक्रीका लागि तयारी अवस्थामा छ । सहकारीले प्रतिकेजी रु ८० का दरले बीउ बिक्री गर्दछ । सहकारीले अरुण-२, अरुण-४, मनकामना-३, पोषिलो, रामपुर, कम्पोजिटलगायतका विभिन्न उन्नत जातका बीउ बिक्री गर्दै आइरहेको छ । सहकारीले विभिन्न एग्रोभेटमार्फत बीउ आपूर्ति गर्दै आएको छ । डोटीको जोरायलमा उत्पादन भएको मकैको बीउ झापा जिल्लासम्मै पुग्ने गरेको सहकारीले जनाएको छ । सहकारीले बिक्री गर्ने बीउबाट उत्पादन भएको मकै विशेष गरेर पोलेर खान, कुखुराका लागि दाना बनाउनलगायतका विभिन्न प्रयोजनमा आउने गर्छ । सहकारीले गत वर्ष ५४ लाख ४० हजार बराबरको ६८ टन मकैको बीउ बिक्री गरेको थियो ।**-रासस**

# पाल्पामा हुन थाल्यो फेको मेसिनबाट आँखाको अप्रेसन



**पाल्पा,** फागुन १९/पाल्पा आँखा अस्पतालमा हुन थाल्यो फेको मेसिनबाट आँखाको अप्रेसन  लायन्स लाकोल आँखा अस्पताल पाल्पाले मोतीबिन्दुका विरामीहरुको अत्याधुनिक  मेसिन फेकोबाट (अप्रेसन) शल्यक्रिया सेवा सञ्चालन गरेको छ । अस्पतालले विहीबारदेखि आधुनिक प्रविधि फेको मेसिनबाट आँखाको अप्रेसन सेवा सुरु गरेको हो ।

आधुनिक ढंगले शल्यक्रिया गर्दा धेर चिरफार  गर्न नपर्ने, सरल  र सहज हुने अस्पतालका डाक्टर सुचेन कुमार पुनले बताए । आँखाको अप्रेसन गर्नु पर्ने विरामीहरुलाई मध्यनजर गरी फेको मेसिन ल्याइएको डा. पुनले जानकारी दिए । उनका अनुसार उक्त प्रविधिको मेसिनबाट  आँखा भित्र सरसफाई  गरी सरल ढंगले छिटो छरितो शल्यक्रिया गर्न सकिन्छ । अस्पतालमा आधुनिक मेसिन ल्याएसँगै आँखाका बिरामीहरुलाई भैरहवा, काठमाडौं, पोखरा  धाउनु नपर्ने डा. पुनले बताए । नेपाल नेत्रज्योति संघका कार्यवाहक सभापति भिमसेन कार्कीले आँखाका बिरामीहरुको माग अनुसार आधुनिक मेसिन खरिद गरी सेवा लिन दिन थालिएको बताए । उनले आँखा अस्पतालले पाल्पा लगायत गुल्मी, अर्घाखाँचीमा समेत शल्यक्रिया सेवा दिदै आएको जानकारी दिए । अस्पतालले प्रथम पटक मेसिनबाट शल्यक्रिया गरेका बिरामीहरुलाई हर्लिक्स र विस्कुट समेत दिएको संघका सचिव राजेन्द्र  लिगल बताए । शल्यक्रियापछि विरामी बगनासकालीका कमल प्रताप खाँण ठकुरीले जिल्लामै आधुनिक मेसिनबाट अप्रेसन गर्न पाएकोमा खुसी व्यक्त गरे । झण्डै ४ दशकदेखि आँखा उपचारको क्षेत्रमा सेवा दिँदै आएको अस्पतालले जिल्लाका रामपुर नगरपालिका, तिनाउ गाउँपालिका, रैनादेवी छहरा गाउँपालिकामा सेवा  दिदै आएको छ । अहिले अस्पताल १० पालिकामा आफ्नो सेवालाई विस्तार गर्ने गरी अगाडि बढेको छ । नेत्र ज्योति संघले सुरुवात गरेको मुख्य अस्पताल पाल्पा लायन्स लाकोल आँखा अस्पतालको मातहतमा रहने गरी सेकेण्डरी अस्पतालसँगै आँखा उपचार केन्द्र सञ्चालन गर्दै आएको छ । आँखा जस्तो संवेदनशील क्षेत्रको उपचार सबै नागरिकको पहुँचमा पुऱ्याउने गरी पाल्पाका सबै पालिकामा सेवा विस्तार गर्ने कार्यलाई अगाडि बढाइएको संघले जनाएको छ ।

# रामपुर नगर सरकारले दियो विद्यालयलाई 'स्मार्ट बुक'



**पाल्पा,** फागुन १९/जिल्लाको रामपुर नगर सरकारले यहाँका विद्यालयहरुलाई स्मार्ट बुक दिएको छ । नगर सरकारले यहाँका ४ वटा विद्यालयलाई अडियो डिभाईश सहितको स्मार्ट बुक दिएको हो ।

सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण कम हुँदै गएकाले शिक्षण सिकाईलाई प्रभावकारी बनाएर आकर्षण वढाउन स्मार्ट बुक (टकिङ टिचर) प्रविधिबाट पढाई सञ्चालन गर्न स्मार्ट बुक वितरण गरिएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । परम्परागत शिक्षण पद्दतीले विद्यार्थीको रुचि घट्दै गएकाले सामुदायिक विद्यालयहरुमा 'टकिङ टिचर' प्रविधि सञ्चालनका लागि स्मार्ट बुक वितरण गर्न थालिएको जनाइएको छ ।

नगर सरकारले राम तुलसी नमुना माध्यमिक विद्यालय, रामपुर आधारभूत विद्यालय, ज्ञान मञ्जरी प्राथमिक विद्यालय र नवदुर्गा माध्यमिक विद्यालयलाई स्मार्ट बुक वितरण गरेको हो । स्मार्ट बुकले विद्यालयमा अध्ययनरत स-साना बालबालिकालाई अध्ययन गर्न सजिलो हुने नगरपालिकाले विश्वास व्यक्त गरेको  छ । किताब छोएपछि आफै बज्ने र स्मार्ट बोर्डमा देखिने प्रविधि सहितको शैक्षिक सामग्री स्मार्ट टकिङ बुक ४ वटा विद्यालय छनौट गरेर प्रदान गरिएको हो । उक्त किताबमा अंग्रेजीका १ हजार शब्द र ५ सय नेपाली शब्द रहेका छन् । विद्यालयलाई स्मार्ट बुक सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख रमण बहादुर थापाले प्रविधिको समयसँगै नगरका विद्यालयबाट प्रदान गरिने शिक्षालाई प्रविधियुक्त  र गुणस्तरीय बनाउनका लागि अडियो डिभाइस सहितको सामग्री प्रदान गरेको बताए । अहिले पहिलो चरणमा ४ वटा विद्यालयलाई पाइलट टेष्टको रुपमा वितरण गरिएको र यो प्रभावकारी भएमा अन्य विद्यालयलाई पनि वितरण गर्ने उनको भनाई छ । पहिलो चरणमा अभ्यासका लागि वितरण गरेको सामग्रीको सही सदुपयोग गरी सिकाई उपलब्धिमूलक बनाउन नगर प्रमुख थापाले विद्यालयलाई आग्रह समेत गरे । विद्यालयमा अध्ययन गर्ने स-साना बालबालिकालाई अध्ययन गर्न सजिलो होस् भन्ने उद्देश्यले विद्यालयलाई स्मार्ट टकिङ बुक वितरण गरेको प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए ।

अहिले विद्यालयले गरेको कार्य सम्पादनको आधारमा विद्यालय छनौट गरिएको भन्दै यसको प्रभावकारी प्रयोग गर्न समेत उनले आग्रह गरे । शैक्षिक सामग्री बुझ्दै राम तुलसी माध्यमिक विद्यालयका प्रधानाध्यापक बालकृष्ण लम्सालले प्राप्त टकिङ बुकको सही सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै पाइलट टेष्टका लागि आफुहरुलाई छनौट गरेकोमा नगर सरकारलाई धन्यवाद दिए । रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितको अध्यक्षता, शिक्षा शाखा प्रमुख विकल काफ्लेलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज विश्व वन्यजन्तु दिवस....

...संयुक्त राष्ट्रको सदस्य राष्ट्र थाइल्याण्डको पहलमा सन् २०१३ को एक सम्मेलनमा जंगली जनावर तथा विरुवाको अन्तर्राष्ट्रिय व्यापार बारे बहस भएको थियो । यो बहसमा जंगली जनावर तथा विरुवाहरुको अन्तर्राष्ट्रिय ब्यापार विषयमा अनि संसारमा भएका ३५ हजारभन्दा बढी जनावर र विरुवाको प्रजाति संरक्षणको लागि एउटा कदम मात्र भएको भनेर निर्णय लिईएको थियो । यस बहसको निस्कर्षलाई सिटिज अर्थात कन्भरसेसन अन इन्टरनेशनल ट्रेड इन इनडेन्जर इस्पेसिस भनेर नाम दिइएको थियो । अहिले सिटिज को अनुसार अन्तर्राष्ट्रिय व्यापारकै कारण लगभग ५ हजार प्रजातिका जनावरहरु र २९ हजार २ सय प्रजातिका बोटविरुवाहरु लोप हुने अवस्थामा छन् । यी जनावर र विरुवाहरुलाई खतराको सीमामा पर्न नदिन र अन्तर्राष्ट्रिय व्यापारले धेरै हद सम्म नियन्त्रण गरेको पनि पाइन्छ । आजको दिन ति लोप हुन सक्ने प्रजातिहरुको नियन्त्रणमा सिटिजको उत्साहपूर्ण योगदानलाई सम्झना गर्नुपर्ने दिन हो । विश्वको जैविक विविधता संरक्षणका लागि यस दिवसको विशेष योगदान रहने गर्दछ ।

## खेलकुद समाचार

# नेदरल्याण्डसलाई हराउँदै नेपाल फाइनलमा



**काठमाडौं,** फागुन १९/शनिबार नेदरल्याण्डसलाई ६ विकेटले हराउँदै नेपाल त्रिकोणात्मक टी-२० आई सिरिजको फाइनलमा पुगेको छ । अब नामिबिया र नेदरल्यान्ड्समध्ये एक टोलीमात्र फाइनलमा पुग्न सक्नेछन् । आज (आइतबार) नेदरल्यान्ड्स र नामिबियाबीचको नतिजाबाट फाइनल पुग्ने टोलीको निर्धारण हुनेछ । सिरिजको एक खेल बाँकी रहँदा नेदरल्यान्ड्स ३ खेलमा २ मा जित र १ मा हारसहित ४ अंकका साथ शीर्षस्थानमा छ ।

नेदरल्यान्ड्सको नेटरनरेट ०.३१० छ । नेपाल ४ खेलमा २ मा जित र २ मा हारसहित ४ अंकका साथ दोस्रो स्थानमा छ । नेपालको नेटरनरेट ०.२९३ छ । नामिविया ३ खेलमध्ये १ मा जित र २ मा हारसहित २ अंकका साथ पुछारमा छ । नामिवियाको नेटरनरेट माइनस ०.७०० छ । यो अवस्थामा आज (आइतबार) नेदरल्यान्ड्स विजयी हुँदा सोझै फाइनलमा पुग्नेछ । नामिबिया विजयी भएमा भने नेटरनरेटमा भर पर्नेछ । यी दुईमध्ये नेटरनरेटमा माथि रहने टोलीले फाइनल खेल्नेछ । नेपाललाई नेटरनरेटमा नेदरल्यान्ड्स र नामिविया मध्य एक टोलीले मात्रै अव पछि पार्न सक्छन् ।

त्यसैले नेपाल फाइनल खेल्ने पक्का भएको हो । नेपाल पहिलो खेलमा नामिवियासँग २० रन र दोस्रो खेलमा नेदरल्यान्ड्ससँग २ रनले हारेको थियो । तेस्रो खेलमा नामिवियालाई ३ रनले हराएको थियो । फाइनल खेल मंगलबार हुनेछ । शनिबार कीर्तिपुर मैदानमा नेदरल्याण्डसले दिएको १२१ रनको लक्ष्य पछ्याएको नेपालले १५.२ ओभरमा ४ विकेट गुमाएर भेट्टायो । नेपालको जितमा कप्तान रोहित पौडेलले ४६, गुल्सन झाले ३८, कुशल भुर्तेलले १२ र आसिफ शेखले ८ रन जोडे । टस जितेर पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले १९. ३ ओभरमा सबै १० विकेट गुमाएर १२० रन बनाएको थियो । नेदरल्याण्ड्सका म्याक्स ओडाउडले सर्बाधिक ३१ रन बनाए । टिम भान डर गुगटेन र रोलेफ भान डर मर्वेले २३/२३ र स्कट एडवार्ड्सले १८ रन बनाउन बाहेक अन्य ब्याटरले दोहोरो अंक बनाउन सकेनन् । नेपालका प्रतिश जिसीले तीन, करण केसी र कुशल मल्लले दुई/दुई र दीपेन्द्रसिंह ऐरीले एक विकेट लिएका थिए ।

## कर्पोरेट/अर्थ समाचार

# सर्वोत्तम सिमेन्टको आइपीओमा १० लाख बढीले भरे आवेदन




**पाल्पा,** फागुन १९/ सर्वोत्तम सिमेन्टले खोलेको प्राथमिक सेयर (आईपीओ)मा आवेदन भर्नेहरुको आर्कषण देखिएको छ । पहिलो पटक बुक बिल्डिङमार्फत जारी गरिएको आइपीओमा  आवेदन दिनेहरुको आकर्षण देखिएको हो ।

सिडियस एण्ड क्लियरिङका अनुसार सर्वोत्तमको आइपीओमा १० लाख १२ हजार ३ सय ८४  जनाको आवेदन परेको छ ।

कम्पनीको प्रति कित्ता ३६०.९० रुपैयाँको आईपीओका लागि १९.३२ गुणा आवेदन परेको छ । अहिलेको प्रतिकूल अवस्थामा पनि कम्पनी नाफामा रहेको र भारतमा निर्यात वृद्धिले आगामी दिनमा राम्रो हुने विश्वासमा यसको आईपीओमा लगानीकर्ता आकर्षित भएका हुन् । सीडीएससीका अनुसार एक अर्बको आइपीओमा १९ अर्ब ३५ करोड ६५ लाख रुपैयाँ होल्ड भएको छ । लगानीकर्ताले ५ करोड ३६ लाख ३३ हजार ९ सय ९० कित्ता आईपीओका लागि आवेदन दिएका छन् ।

कम्पनीले २७ लाख ७६ हजार ७६ कित्ताका लागि फागुन १३ गते आवेदन खुलाएको थियो । न्यूनतम ५० कित्ताका लागि आवेदन भर्न भनिएकाले ५५ हजार ५ सय २१ आवेदकले मात्र आईपीओ पाउने छन् ।


## लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने सर्वोत्तम उपाय :

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाई बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, नजिकैको स्वास्थ्य चौकीमा सम्पर्क गरी उपचार गर्ने ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई